राष्ट्रियता ! लोकतन्त्र !! समाजवाद !!!



तपाईंको विश्वास, मेरो इमान्दारिता : रुकुम पश्चिम समृद्धिको सुनिश्चितता

# नेपाली कांग्रेस रुकुम पश्चिमका उम्मेदवार

# राजु के.सी.को

# प्रतिज्ञा पत्र




नेपाली काँग्रेस, चुनाव प्रचार प्रसार समिति, रुकुम पश्चिम

### ११. ६ स्थानीय तह: ६ "ग्रामीण स्टोर्स" ★★★★

- आठबिसकोट (राडी), चौरजहारी (चौफा), मुसिकोट (खलंगा), त्रिवेणी (झुल्नेटा), सानीभेरी (सिम्ली) र बाँफिकोट (खिन्सेत) मा स्थानीय जनता र वित्तीय संस्थाहरूको त्रिपक्षीय साझेदारीमा आधुनिक "ग्रामीण स्टोर्स" स्थापना गरिनेछ।
- यस अभियानमार्फत संकलन, ग्रेडिङ, प्याकेजिङ र वितरणको क्षेत्रमा सयौं रुकुमेली युवाहरूलाई स्थानीय स्तरमै सम्मानजनक रोजगारी उपलब्ध गराइनेछ।

### १२. व्यावसायिक सिंचाइ प्रणाली ★★★★

- ठूलीभेरी र सानीभेरी लगायत अन्य खोला र मुहानको पानीलाई आधुनिक लिफ्टिङ प्रविधि मार्फत गाउँबेसीका बस्तीहरूमा पुर्‍याई बाह्रै महिना सिंचाइको सुनिश्चितता गरिनेछ।
- परम्परागत कुलोहरूको मर्मत-सम्भार, पाइप सिंचाइ र ट्यांकी निर्माणका योजनाहरूलाई स्थानीय तहसँगको समन्वयमा प्रभावकारी रूपमा अगाडि बढाइनेछ।
- कम पानीमा बढी लाभ लिन सकिने थोपा सिंचाइ प्रविधिलाई व्यावसायिक तरकारी तथा फलफूल खेती हुने क्षेत्रहरूमा विस्तार गरिनेछ।
- जिल्लाको समग्र भू-बनोटको प्राविधिक अध्ययन गरी कुन क्षेत्रमा कस्तो सिंचाइ उपयुक्त हुन्छ भन्ने स्पष्ट "सिंचाइ गुरुयोजना" निर्माण गरी कार्यान्वयन गरिनेछ।

### १३. युवा सशक्तीकरण र करियर काउन्सिलिङ ★★★★

- जिल्लाका माध्यमिक विद्यालय र क्याम्पसहरूमा विज्ञहरूमार्फत नियमित "करियर काउन्सिलिङ" कार्यक्रम सञ्चालन गरिनेछ। जसले विद्यार्थीहरूलाई कक्षा ८ देखि नै आफ्नो रुचि, क्षमता र भविष्यका अवसरहरू पहिचान गर्न मद्दत गर्नेछ।
- युवाहरूको सीप र बजारको मागलाई जोड्न "रोजगारी सूचना केन्द्र" लाई प्रभावकारी बनाई स्थानीय तथा राष्ट्रिय स्तरका अवसरहरूसँग युवाहरूलाई सिधै आबद्ध गराइनेछ।
- जागिर खोज्ने मात्र होइन, जागिर दिने "उद्यमी" बन्न चाहने युवाहरूका लागि स्टार्टअप सहायता कार्यक्रमहरू ल्याइनेछ।
- २१ औं शताब्दीको प्रतिस्पर्धाका लागि आवश्यक पर्ने डिजिटल साक्षरता, सञ्चार कला र नेतृत्व विकासका तालिमहरू जिल्लाभर सञ्चालन गरिनेछ।

### १४. जलवायु अनुकूलन र पर्यावरण संरक्षण ★★★★

- सुक्दै गएका मुहान जोगाउन "रिचार्ज पोखरी" निर्माण र जलाधार क्षेत्र संरक्षण गरिनेछ।
- वन डढेलो नियन्त्रण र पहिरो जोखिम न्यूनीकरणका लागि जैविक इन्जिनियरिङलाई प्राथमिकता दिइनेछ।

अन्त्यमा,

आदरणीय रुकुमेली आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू, म केवल सस्तो आश्वासन बाँड्न होइन, जनपक्षीय नीति निर्माण गर्न तपाईंहरू माझ आएको हुँ। रुकुमेली जनताको शिर कहिल्यै झुक्न नदिने मेरो यो संकल्पमा यहाँहरूको साथ र समर्थनको अपेक्षा गर्दछु। मेरो विस्तृत कार्ययोजना प्रतिज्ञा-पत्र मार्फत तपाईंहरु समक्ष पस्किएकै छु । मैले मेरा प्रतिवद्धताहरुमा कुनैपनि योजना बुँदागत रुपमा उल्लेख गरिएको छैन जिल्लाको आवश्यकता अनुसार सबै योजनाहरुसम्पन्न गर्नेगरी नितिगत पक्षलाई जोड दिएको छु । जनभावना अनुसार विकास र निर्माणमा सधैं समन्वयकारी भुमिकामा रहनेछु । जय नेपाल ।

राजु के.सी.
प्रतिनिधि सभा प्रत्यक्ष उम्मेदवार, रुकुम पश्चिम
९८५१००६५६६

बदलियो काँग्रेस बदल्छौं देश




तपाईंको विश्वास, मेरो इमान्दारिता : रुकुम पश्चिम समृद्धिको सुनिश्चितता

## नेपाली कांग्रेस रुकुम पश्चिमका उम्मेदवार

## राजु के.सी.को

# प्रतिज्ञा पत्रको संक्षिप्त रुप




नेपाली काँग्रेस, चुनाव प्रचार प्रसार समिति, रुकुम पश्चिम

नमस्कार ।

म राजु के.सी. नेपाली कांग्रेसको प्रत्यक्ष तर्फको उम्मेद्वार । मेरो जन्म यही जिल्लाको (खलंगा-४ ) हाल मुसिकोट-३, माछिमीमा भएको हो। मैले बाल्यकालमै आमाको ममताबाट बञ्चित हुनुपर्‍यो, मेरो त्यो बालपन यहींका डाडाँकाँडा, भिरपाखामा लडिबुडी गर्दै, घाँस दाउरा गर्दै । बित्यो १४-१६ वर्षको उमेरमा आफ्नो भविष्य खोज्दै भौतारिएको म देशको राजधानी काठमाडौं पुगेँ । र बालकुमारी माध्यमिक विद्यालय, किर्तिपुरबाट माध्यमिक तहको अध्ययन सकेर १७-१८ वर्षको उमेर देखी व्यवसायमा हात हालें । एकपछि अर्को सफलता हात पार्दै सानो-सानो सुहिकला पार गर्दै सानो तर सफल व्यवसायीको रुपमा आफ्नो परिचय बनाउन सफल भए । त्यसैमार्फत राजनिति र समाज सेवामा जोडिने सुनौलो अवसर प्राप्त गरेँ । मेरो यो सफलतामा मेरो बाबा-आमा र मेरो परिवारको भरपुर साथ रहृयो । म तपाईंहरुकै भाई, छोरा र साथी हुँ । मैले जिल्लाबासीका पिडा, व्यथा र समस्यालाई राम्रोसंग बुझेको छु र पढेको छु । जनताका कथा, व्यथा र पिडालाई सम्बोधन गर्ने सुत्र बोकेर नै तपाईंहरुको सांसदको उम्मेद्वारको रुपमा उपस्थित छु । मेरो विनम्र अनुरोध छ । मलाई विश्वास गर्नुहोस् । म तपाईंको भरोसा कहिल्यै टुट्न दिनेछैन । रुकुमेली जनताको शिर झुक्न दिनेछैन ।

### १ राजनीतिमा शुद्धीकरण र सभ्य समाज ★★★★

- राजनीतिलाई "फोहरी खेल" भन्ने भ्रम चिर्न यसमा शुद्धीकरण र सुधार ल्याइनेछ।
- राजनीतिक र सार्वजनिक संस्थाहरुको लोकतान्त्रिकरण गर्दै अनावश्यक राजनीतीकरणको अन्त्य गरिनेछ।
- असल नागरिक र सभ्य समाज निर्माणका लागि आवश्यक कानुन एवं नीतिहरु तर्जुमा गरिनेछ।

### २. भौलिक विकास नीति ★★★★

- काठमाडौं र रुकुमको आवश्यकता फरक छ, त्यसैले भौगोलिक अवस्थिति अनुसारको भौलिक विकास नीति अवलम्बन गरिनेछ।
- भौतिक पूर्वाधार निर्माण गर्दा पर्यावरण र प्रकृतिसँग सन्तुलन कायम गरिनेछ।
- विकासलाई विपन्न नागरिकको गरिबी निवारण र सहज जनजीवनसँग सिधै जोडिनेछ।

### ३. सुशासन र भ्रष्टाचार नियन्त्रण ★★★★

- समाजवादमा आधारित लोकतान्त्रिक सुशासन लागू गरिनेछ।
- विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा सुशासन र नैतिकताका कक्षाहरु समावेश गर्ने पहल गरिनेछ।
- बजेट र अनुदानको वितरणमा हुने अपारदर्शिता रोक्दै विगतका अनियमितताहरुको निष्पक्ष छानबिन गरिनेछ।

### ४. आधुनिक र प्रविधिमैत्री शिक्षा ★★★★

- देशमा "एकै शिक्षा नीति र एकै शिक्षा प्रणाली" लागू गर्ने पहल गरिनेछ ताकि सहर र गाउँको शिक्षामा विभेद नहोस्।
- विद्यालयहरूमा AI र डिजिटल लर्निङ प्रविधि भित्र्याइनेछ।
- आर्थिक अभावका कारण कोही पनि विद्यार्थी शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गरिनेछ।

### ५. स्वास्थ्यमा सबैको पहुँच ★★★★

- रुकुमका हरेक नागरिकलाई स्वास्थ्य बीमाको दायरामा ल्याइनेछ।
- विशेषज्ञ डाक्टरको सल्लाह गाउँमै पाउन सकिने गरी "टेलि-मेडिसिन" सेवा विस्तार गरिनेछ।
- विशेष घोषणा: निर्वाचित भएको १०० दिनभित्र मेरो व्यक्तिगत लगानीमा काठमाडौंमा एक जना "स्वास्थ्य सहजकर्ता" को व्यवस्था मिलाउनेछु, जसले जिल्लाबाट जाने बिरामीहरूलाई अस्पताल भर्ना र उपचारमा सहयोग गर्नेछ।

### ६. मर्यादित कृषि र सम्मानित किसान ★★★★

- किसानलाई "झुत्रो कपडा लगाएको पात्र" को रूपमा देखाउने शैक्षिक सामग्री सुधार गरी "आधुनिक उद्यमी" को पहिचान दिलाइनेछ।
- वास्तविक किसानका लागि राज्यबाट पेन्सन र सामाजिक सुरक्षाको व्यवस्था गर्ने पहल गरिनेछ।
- जिल्लालाई सुन्तला, ओखर, केरा, किवी र कफी खेतीको "विशिष्टीकृत पकेट क्षेत्र" को रुपमा विकास गरिनेछ।

### ७. पर्यटन, जडीबुटी र पूर्वाधार ★★★★

- स्यार्पूताल, ठिरो मन्दिर, बुयलमष्ट मन्दिर र अन्य धार्मिक-प्राकृतिक स्थलहरुलाई जोडेर "रुकुम पर्यटकीय सर्किट" निर्माण गरिनेछ।
- स्थानीय जडीबुटीको संकलन र प्रशोधनका लागि जिल्लामै केन्द्र स्थापना गरी "रुकुमेली ब्रान्ड" निर्यात गरिनेछ।
- ग्रामीण बस्तीमा "होमस्टे" प्रवर्द्धन गरी स्थानीयको आयस्तर उकासिनेछ।

### ८. बसाईंसराइ नियन्त्रण: "गाउँमै बसौं" अभियान ★★★★

- सडक, शिक्षा, स्वास्थ्य र इन्टरनेट जस्ता सुविधाहरु गाउँमै पुर्‍याएर सहरकेन्द्रित बसाईंसराइ रोकिनेछ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीप र पुँजीलाई गाउँकै उत्पादनसँग जोड्न "बस्ती विकास योजना" ल्याइनेछ।

### ९. सुरक्षित सडक र भौतिक पूर्वाधार ★★★★

- भेरी नदीमा निर्माणाधीन अलपत्र मोटरेबल पुल यथाशक्य सम्पन्न गर्नु मेरो पहिलो प्राथमिकता हुनेछ।
- जिल्लाका हरेक गाउँबस्तीलाई जोड्न "सडक गुरुयोजना" कार्यान्वयन गरिनेछ।
- सडकलाई बाह्रै महिना सञ्चालन योग्य बनाउन आवश्यक स्थानमा पुल र कल्भर्ट निर्माण गरिनेछ।

### १०. बिजुली, पानी र सफा वातावरण ★★★★

- "सबै घर उज्यालो" कार्यक्रम अन्तर्गत केन्द्रीय प्रसारण वा सौर्य ऊर्जामार्फत सबै घरमा बिजुली पुर्‍याइनेछ।
- "एक घर, एक धारा" अभियान मार्फत ठूला आयोजना र लिफ्टिङ प्रविधिबाट खानेपानी सुनिश्चित गरिनेछ।